# संबैधानीक निकायहरु

| संबैधानीक विकायहरु | भाग धारा | पदाधिकारीहरू | योग्यता (© बाहेकका ) | मुख्य कार्यहरु |
|---|---|---|---|---|
| १. अख्तियार दुरूपयोग अनुसन्धान आयोग | भाग २१ धारा २३८ र २३९ | १ जना प्रमुख आयुक्त र ४ जना आयुक्त | मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधी प्राप्त गरेका<br>लेखा, राजस्व, इन्जिनियरिङ, कानून, विकास वा अनुसन्धानको क्षेत्रमा कम्तीमा २० बर्ष काम गरि अनुभव र ख्याती प्राप्त गरेको | सार्वजनिक पद धारण गरेका व्यक्तिले भ्रष्टाचार मानिने कुनैपनि कार्य गरेमा अनुसन्धान गर्ने, अदालतमा मुद्दा चलाउने वा कारबाहीका लागि सम्बन्धित अधिकारी समक्ष लेखि पठाउने |
| २. महालेखा परीक्षक | भाग २२ धारा २४० र २४१ | १ जना महालेखा परिक्षक | मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा लेखामा स्नातक उपाधि प्राप्त गरी वा चार्टर्ड एकाउन्टेन्सी परीक्षा उतिर्ण गरी नेपाल सरकारको विशिष्ट श्रेणीको पदमा काम गरेको वा लेखा परीक्षण सम्बन्धि काममा कम्तीमा २० बर्षको अनुभव स्नातक उपाधी प्राप्त गरेका | राष्ट्रपति, उपराष्ट्रपति, सर्वोच्च अदालत, संघय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संबैधानिक निकाय, अदातल, महानियाधिवक्ताको कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, लगाएत संधिय र प्रदेश सरकारी कार्यालय, ५०% भन्दा बढी सेयर वा जायजेथा भएका संधिय कानुन बमोजिमका सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेत विचार गरि लेखा परीक्षण गर्ने |
| ३.लोकसेवा आयोग | भाग २३ धारा २४२, २४३ र २४४ | १ जना अध्यक्ष र ४ जना सदस्य | कम्तीमा ५०% सदस्य २० बर्ष वा बढी समय कुनै सरकारी सेवामा रहेका व्यक्तिहरू मध्येबाट र बाकी ५० % सदस्य विज्ञान, प्रविधि, कला, साहित्य कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा सोध अनुसन्धान, अध्यापन, वा अन्य कुनै महत्वपूर्ण कार्य गरि ख्याती प्राप्त गरेका र मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको | निजामति सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन, संगठित संस्थानको लिखित परीक्षा सञ्चालन, नेपाल सरकाबाट निवृत्तिभरण पाउने पदमा परामर्श दिने, बढुवा र विभागिय कारबाही गर्दा अपनाउनुपर्ने सिद्धान्तका् विषयमा परामर्श दिने। |
| ४. निर्वाचन आयोग | भाग २४ धारा २४५, २४६ र २४७ | १ जना प्रमुख आयुक्त र ४ जना आयुक्त | मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधी प्राप्त गरेका | राष्ट्रपति, उपराष्ट्रपति, संघय संसदका सदस्य, प्रदेश सभा सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने तथा मतदाता नामावली तयार पार्ने मनोनयन दर्तापश्चात उम्मेदवारको योग्ता सम्बन्धमा प्रश्न उठेमा त्यको निर्णय गर्ने, |
| ५. राष्ट्रिय मानव अधिकार आयोग | भाग २५ धारा २४८ र २४९ | १ जना अध्यक्ष र ४ जना सदस्य | अध्यक्षको हकमा मानव अधिकारको संरक्षण र संबर्धनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधिशको पदबाट सेवानिवृत्त व्यक्ति वा मानवअधिकारको संरक्षण र संबर्धन वा राष्ट्रिय जीवनका विभिन्न क्षेधमा कम्तीमा २० बर्ष क्रियाशिल रहि विशिष्ट योगदान पुऱ्याई ख्यातीप्राप्त गरेका<br>सदस्यको हकमा मानव अधिकार संरक्षण र संबर्धन, बालबालिकाकृ हक शितको क्षेत्रमा कम्तीमा २० बर्ष क्रियाशिल रहि विशिष्ट योगदान पुऱ्याई ख्याती प्राप्त गरेको<br>मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको | कुनै व्यक्ति वा समुहको मानव अधिकार उलंघन वा त्यको दुरूत्साहन भएकोमा पिडीत आफै वा निजको तर्फबाट कसैले वा कुनैपनि पनि स्रोतबाट निवेदन, उजुरी वा जानकारी प्ाप्त भएमा छानबिन र अनुसन्धान गरि कारबाहीका लागि सिफारिस गर्ने। मनव अधिकार उलंघन गर्ने व्यक्ति वा संस्था विरूद्ध मुद्धा चलाउने, मानव अधिकार सम्बन्धि कानुन संसोधन गर्नुपरेमा सरकार समक्ष सिफरिस गर्ने, मानव अधिकारको चेतना अभिबृद्धि गर्ने मानव अधिकारको उलंघनको जिम्मेवारी प्राप्त कर्मचारी वा अधिकारीले सो नगरे कारबाहीका लागि सम्बन्ति अधिकारी समक्ष लेखि पठाउने |

| | | | | |
|---|---|---|---|---|
| ६. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | भाग २६ धारा २५० र २५१ | १ जना अध्यक्ष र ४ जना सदस्य | मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक उपाधि प्राप्त गरि प्राकृतिक स्रोत तथा वित्त व्यवस्थापन, अर्थशास्त्र, कानून, व्यवस्थापनको क्षेत्रमा कम्तीमा २० बर्ष क्रियाशिल रहि विशेषज्ञता हासिल गरेको | संघिय सञ्चीत कोषबाट संघ, प्रदेश र स्थानीय सरकार विच राजस्वको बाडफाड गर्ने विस्तृत ढाचा र आधार तयार गर्ने, प्रदेश र स्थानीय तहलाई प्रदान गरिने समानिकरण र ससर्त अनुदान सम्बन्धमा , तीनै तहको खर्चको जिम्मेवारी पूरा गर्ने र राजस्व असूलिमा सुधार गर्ने उपायहरु सम्बन्धमा, आन्तरिक ऋणको सिमा सम्बन्धमा, प्राकृतिक स्रोत परिचालन गर्दा नेपाल सरकार प्रदेश र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तयार गरि गर्ने सम्बन्धमा सिफारिस गर्ने प्राकृतिक स्रौत बाडफाडमा विभिन्न तहविच विवाद उत्पन्न भएमा निवारण गर्न समन्वयात्मक रुपमा काम गर्ने। |
| भाग २७ अन्य आयोगहरू धारा २५२ देखि २६४ सम्म | | | | |
| ७. राष्ट्रिय महिला आयोग | भाग २७ धारा २५२ , २५३ र २५४ | १ जना अध्यक्ष र ४ जना सदस्य | कम्तीमा १० बर्ष महिलाको हक हित वा लैंगिक न्याय वा महिला विकास वा मानव अधिकार र कानूनको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको महिला र अध्यक्षको हकमा स्नातक उपाधी प्राप्त गरेका | महिलाको हक हितसँग सरोकार राख्ने निती तथा कार्यक्रमको तर्जमा गरि कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफरिस गर्ने, महिला सँग सम्बन्धित नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धी सम्झौता कार्यान्वयन भए नभएको अनुसन्धान गरि सरकारलाइ तथा सुझाव दिने तथा ´प्रतिवेदन तायरी सम्बन्धमा सरकारलाई सुझाव दिने, समानुपातिक सहभागिता सुनिश्चितताको लागि मौजुदा निति तथा कार्यक्रमको समिक्षा, अनुगमन र मुल्यांकन गरि कार्यान्वियनका लागि नेपाल सरकारलाई सिफरिस गर्ने, महिला हिंसा वा पिडित भएको वा अधिकार हनन भएको विषयमा मुद्धा दायर गर्ने |
| ८. राष्ट्रिय दलित आयोग | भाग २७ धारा २५५ , २५६ र २५७ | १ जना अध्यक्ष र ४ जना सदस्य | कम्तीमा १० बर्ष दलित समुदायको हक हित र मानव अधिकार र कानूनको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको दलित | दलित समुदायको समग्र स्थितीको अध्ययन तथा अन्वेषण गरी नितिगत, कानूनी र संस्थागत सुधारका लागि विषय पहिचान गरि सरकारलाई सिफारिस गर्ने, जातीय छुवाछुत र विभेद अन्त्य गरि दलित उत्थान र विकासका लागि राष्ट्रिय निति तथा कार्यक्रम तर्जमा गरि कार्यान्वयनका लागि सरकार समक्ष सिफारि गर्ने , दलित समुदायको उत्थान र हितमा भएका व्यवस्था प्रभावकारी कार्यान्वयनका लागि अनुगमन गर्ने, समानुपातिक सहभागिताको सुनिश्चितताका लागि आवश्यक काम गर्ने तथा जातीय छुवाछुत र भेदभाव भएमा दलितको हक हनन गर्ने व्यक्ति वा संस्था विरुद्ध मुद्धा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने |
| ९. राष्ट्रिय समावेसी आयोग | भाग २७ धारा २५८ , २५९ र २६० | १ जना अध्यक्ष र ४ जना सदस्य | कम्तीमा १० बर्ष सामाजिक समावेशीकरण, अपांगता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडीएको क्षेत्र र वर्गको हक हित र विकास वा मान अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको अध्यक्षको हकमालस्नातक उपाधी प्राप्त | खस, आर्य, पिछडा वर्ग, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, श्रमीक किसान, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय र पिछडीएको वर्ग र कर्णाली तथा आर्थिक रुपले विपन्न वर्ग लगायत समुदायको हक हित अधिकारको संरक्षण, विकास र समृद्धि तथा समवेशीकरणका निति अबलम्बनको अवस्था, प्रतिनिधित्व, संरक्षण, सशक्तिकरण र विकासको अवस्था अध्ययन गरि सरकालाई सुझाव दिने/सिफरिस गर्ने र मानव विकास सूचकांक प्रतिवेदनको आधारमा आवश्यक पुनरावलोकन गरि परिमार्जनका लागि सिफरिस गर्ने |
| १०. राष्ट्रिय आदिवासी जनजाती आयोग | भाग २७ धारा २६१ | १ जना अध्यक्ष र ४ जना सदस्य | उल्लेख छैन | कानून बमोजिम हुने |
| ११. राष्ट्रिय मधेशी आयोग | भाग २७ धारा २६२ | १ जना अध्यक्ष र ४ जना सदस्य | उल्लेख छैन | कानून बमोजिम हुने |

| | | | | |
|---|---|---|---|---|
| १२. राष्ट्रिय थारू आयोग | भाग २७ धारा २६३ | १ जना अध्यक्ष र ४ जना सदस्य | उल्लेख छैन | कानून बमोजिम हुने |
| १३. राष्ट्रिय मुस्लिम आयोग | भाग २७ धारा २६४ | १ जना अध्यक्ष र ४ जना सदस्य | उल्लेख छैन | कानून बमोजिम हुने |
| १४. भाषा आयोग | भाग ३२धारा २८७ | आवश्यक संख्यामा | उल्लेख छैन |  सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गरी नेपाल सरकार समक्ष भाषाको सिफारिस गर्ने, (यो कार्य आयोग गठन भएको मितिले पाँच वर्ष भित्र सम्पन्न गर्नेछ)<br> भाषाहरूको संरक्षण, संवर्धन र विकासका लागि अवलम्बन गर्नुपर्ने उपायहरूको नेपाल सरकार समक्ष सिफारिस गर्ने,<br> मातृभाषाहरूको विकासको स्तर मापन गरी शिक्षामा प्रयोगको सम्भाव्यताका बारेमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,<br> भाषाहरूको अध्ययन, अनुसन्धान र अनुगमन गर्ने।<br> नेपाल सरकारले प्रदेश सरकारसँग समन्वय गरी प्रदेशमा भाषा आयोगको शाखा स्थापना गर्न सक्नेछ ।<br> भाषा आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुनेछ । |
| १५. संधिय आयोग | भाग ३३ धारा २९५ | | उल्लेख छैन | कानून बमोजिम हुने |